# त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ५ प्रकाशन मितिः २०७७/०४/२६


# भाग २

## त्रिवेणी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम त्रिवेणी गाउँपालिका, रोल्पाको गाउँ कार्यपालिकाले बनाएको तपसिलमा लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७७


गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७७/०४/२३

प्रमाणिकरण मितिः २०७७/०४/२५


**प्रस्तावना :**

शिक्षा एक आधारभूत मौलिक हकको रुपमा रहेको छ । प्राविधिक शिक्षामा खास गरी त्रिवेणी गाउँपालिकाका छात्रछात्राहरुको पहुँच कमजोर भएको हुँदा प्राविधिक शिक्षामा लक्षित समूहका छात्रछात्राहरूको पहुँच बढाई गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गरी प्रोत्साहन गर्न आवश्यक रहेको देखिन्छ । अतः प्राविधिक शिक्षाको डिप्लोमा तहका विभिन्न

विषयमा अध्ययन गर्ने विपन्न तथा जेहेन्दार छात्रछात्राहरुलाई प्रोत्साहन गर्न प्राविधिक शिक्षा अध्ययन छात्रवृत्तिको विरतण गर्न वाञ्छनीय देखिएकोले त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२)बमोजिम यो **प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७७** जारी गरी लागु गरेको छ ।

**परिच्छेद - १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम **"प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७७"** रहेको छ ।

(ख) यो कार्यविधि त्रिवेणी गाउँ कार्यपालिकाबाट स्वीकृत भएपश्चात तत्काल प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–

(क) "कार्यविधि" भन्नाले प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७७ लाई सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले त्रिवेणी गाउँपालिका, रोल्पालाई सम्झनु पर्दछ ।

(ग) "प्राविधिक शिक्षा" भन्नाले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट अनुमति लिई सामुदायिक विद्यालयहरूमा सञ्चालित कृषि तथा पशु विज्ञान तर्फका कक्षा सम्झनु पर्दछ ।

(घ) "शिक्षा, युवा तथा खेलकुद शाखा" भन्नाले त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

(ङ) "प्राविधिक शिक्षालय" भन्नाले त्रिवेणी गाउँपालिकाभित्र पशु विज्ञान तथा बाली विज्ञान तर्फका प्राविधिक शिक्षा अध्यापन हुने जन जागृति मा. वि. जुगार र अरनिको मा. वि. नुवागाउँलाई सम्झनु पर्दछ ।

(च) "छात्रवृत्ति सञ्चालन तथा व्यवस्थापन समिति" भन्नाले यसै कार्यविधिको दफा १३ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(छ) "छात्रवृत्ति" भन्नाले तोकिएको सूचकका आधारमा छनौट भएका छात्रछात्राहरूलाई निःशुल्क प्राविधिक शिक्षा अध्ययनका लागि गाउँपालिकाले उपलब्ध गराउने वार्षिक मौद्रिक सुविधालाई जनाउँछ ।

३. प्राविधिक शिक्षा छात्रवृत्ति वितरण गर्नुको उद्देश्य देहाय बमोजिम रहेका छन् –

(क) त्रिवेणी गाउँपालिकाका विपन्न तथा जेहेन्दार छात्रछात्राहरूमा प्राविधिक शिक्षाको पुहँच स्थापित गर्नु ।

(ख) त्रिवेणी गाउँपालिकाबासीको मुख्य पेशाको रूपमा रहेको कृषि क्षेत्रको लागि अत्यावश्यक प्राविधिक जनशक्ति तयार गरी कृषि आधुनिकिकरण तथा व्यवसायीकरणलाई प्रवर्द्धन गर्नु ।

(ग) गाउँपालिका भित्रका प्राविधिक शिक्षालयहरुमा आर्थिक अभावका कारण प्राविधिक शिक्षा अध्ययनको अवसर नपाएका बिद्यार्थीहरुलाई अध्ययनको अवसर प्रदान गर्नु ।

(घ) हालैका वर्षबाट प्राविधिक शिक्षा सञ्चालन गरिरहेका पालिकाका प्राविधिक शिक्षालयमा विद्यार्थी संख्या कम देखिएका कारण विद्यार्थिको आकर्षण बढाई शिक्षालयहरुलाई आर्थिक रुपले सवल बनाउनु ।

**परिच्छेद - २**

**छात्रवृत्तिका लागि समावेश गरिएको विषय क्षेत्र तथा लक्षित समूह**

४. यो छात्रवृत्ति निम्नानुसारका डिप्लोमा तहका तीन वर्षे प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरुको लागि मात्र उपलब्ध गराइने छ ।

(क) बाली विज्ञान (I. Sc. Ag.)

(ख) पशु विज्ञान (I. Sc. Vet.)

५. त्रिवेणी गाउँपालिका भित्र सञ्चालित प्राविधिक शिक्षालयमा माथि उल्लेख गरिएका विषय क्षेत्रहरुमा अध्ययन गरिरहेका गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने तोकिएको संख्याका विपन्न तथा जेहेन्दार छात्रछात्राहरु यस छात्रवृत्तिका लक्षित समूह रहेका छन् ।

**परिच्छेद - ३**

**छात्रवृत्तिका लाभग्राही विद्यार्थी छनौट, निरन्तरताका आधार तथा शर्तहरु**

६. यो छात्रवृत्ति वितरणका लागि निम्न आधारहरु अपनाइनेछ-

(क) त्रिवेणी गाउँपालिकाभित्र सञ्चालित प्राविधिक शिक्षालयमा उल्लेखित तह र विषयको प्रवेश परीक्षा उत्तीर्ण गरी सोही शिक्षालयमा भर्ना भई नियमित अध्ययन गरिरहेको हुनुपर्ने ।

(ख) छात्रवृत्तिको लागि निवेदन दिएको वर्ष अन्य कुनै सरकारी छात्रवृत्ति नपाएको भनी अध्ययनरत शिक्षालयले सिफारिस गरेको हुनुपर्ने,

(ग) त्रिवेणी गाउँपालिकाको स्थायी बासिन्दा तथा विपन्न परिवारको विद्यार्थी हो भनी सम्बन्धित वडाको सिफारिस संलग्न हुनुपर्ने,

(घ) उच्च अनुशासन, असल आचरण भएको तथा बाल विवाह नगरेको हुनुपर्ने,

(ङ) सूचना जारी गरी प्राप्त आवेदनहरुको SEE को शैक्षिक प्रमाणपत्रको औषत जि.पि.ए. तथा अध्ययनरत शिक्षालयले लिएको प्रवेश परीक्षाको प्राप्ताङ्क साथै आर्थिक रुपमा विपन्नताको आधारमा मेरिट सूची तयार गरी मेरिटमा उच्च स्थानमा रहेकालाई छात्रवृत्तिका लागि छनौट गरिने ।

७. कुनै कक्षामा छात्रवृत्ति पाएका विद्यार्थी निम्न अवस्थामा माथिल्लो कक्षामा छात्रवृत्ति प्राप्त गर्न ग्राह्य हुने छैनन्-

(क) जम्मा विद्यालय खुलेको दिनको असी (८०) प्रतिशत हाजिरी नभएमा,

(ख) अध्ययनको सिलसिलामै २० वर्षभन्दा कम उमेरमा विवाह गरेमा,

(ग) गलत वा झुठा विवरण भरेको प्रमाणित भएमा,

(घ) गाउँपालिका तथा विद्यालय प्रशासनले तोकेको अन्य नियम उलंघन गरेको प्रमाणित भएमा ।

८. छात्रवृत्तिको लागि छनौट भएका प्रत्येक छात्रछात्राले कम्तिमा एक वर्ष बराबर अवधिको लागि त्रिवेणी गाउँपालिकाले तोकेको वडामा खटिएर अध्ययनसँग सम्बन्धित विषयमा स्वयम् सेवा गर्नुपर्ने शर्त लिखित रूपमा मञ्जुर गर्नुपर्नेछ ।

९. बुदा ८ बमोजिमको शर्त मञ्जुर गरी अध्ययन समाप्ति पश्चात शर्त कार्यान्वयन नगरेमा छात्रवृत्ति वापत उपलब्ध गराइएको रकम १० प्रतिशत ब्याज सहित सरकारी बाँकी सरह निजको चलअचल सम्पतिबाट असुल उपर गरिनेछ ।

## परिच्छेद - ४

## छात्रवृत्ति कोटा, रकम तथा रकम निकासा प्रक्रिया

१०. यस कार्यविधि बमोजिम उपलब्ध हुने प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति तपसिल अनुसारको वडागत कोटा कायम गरी उपलब्ध गराइनेछ । तर कुनै वडाको कोटामा छात्र वा छात्रा कम भएमा सोही वडाको वैकल्पिक सूचीको उपल्लो क्रममा रहेका क्रमशः छात्रा वा छात्रबाट तथा यसरी पनि कोटा पूरा नभएमा वैकल्पिक सूचीको उपल्लो क्रममा रहेका अन्य वडाका क्रमशः छात्रा वा छात्रबाट पूर्ति गरिनेछ ।

| क्र.स. | छात्रवृत्तिको विवरण | छात्रवृत्ति प्राप्त गर्ने | | | | छात्रवृत्ति प्राप्त गर्ने गाउँपालिकाका जम्मा छात्रछात्रा | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | छात्र संख्या | | छात्रा संख्या | | | |
| | | प्रति वडा | गाउँपालिका जम्मा | प्रति वडा | गाउँपालिका जम्मा | | |
| १ | कृषि विज्ञान तर्फ | १ | ७ | १ | ७ | १४ | २८ |
| २ | पशु विज्ञान तर्फ | १ | ७ | १ | ७ | १४ | |

११. यस कार्यविधि बमोजिम उपलब्ध हुने छात्रवृत्ति सम्बन्धित प्रति छात्र/छात्रा अधिकतम रू. एक लाख का दरले उपलब्ध गराइनेछ । गाउँपालिकाले सम्बन्धित प्राविधिक शिक्षालयसँग समन्वय गरी छात्रवृत्ति प्राप्त गरेका छात्रछात्राहरूले रू. एक लाखमा पूरा अध्ययन गर्न सक्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१२. मेरिट लिस्टका आधारमा छनौट भएका विद्यार्थीहरुलाई त्रिवेणी गाउँपालिकाबाट उपलब्ध हुने छात्रवृत्ति रकम निजहरूले अध्ययन गरिरहका प्राविधिक शिक्षालयबाट प्राप्त निजहरूको अध्ययन प्रगति प्रतिवेदनको आधारमा अर्धवार्षिक रूपमा सोही शिक्षालयको खातामा पठाइनेछ ।

**परिच्छेद - ५**

**छात्रवृत्ति सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था**

१३. गाउँपालिकाबाट वितरण गरिने छात्रवृत्तिको छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्न देहायको समिति गठन गरिनेछ-

क. गाउँ शिक्षा समितिको संयोजक : संयोजक
ख. गाउँपालिकाको उपाध्यक्ष : सदस्य
ग. गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत : सदस्य
घ. गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक : सदस्य
ङ. गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख : सदस्य-सचिव

१४. बुदा नं. १३ मा उल्लेखित समितिले आवश्यकता परेको खण्डमा उल्लेखित छात्रवृत्तिसँग सम्बन्धित विषयमा अनुभव भएका विज्ञहरु मध्येबाट २ जनासम्मलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

१५. बुदा नं १३ बमोजिम गठन भएको समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

१६. छात्रवृत्ति वितरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) यस छात्रवृत्ति वितरण कार्यविधिको अधिनमा रही लक्षित समूहका विद्यार्थीहरुबाट दरखास्त आह्वानको सूचना प्रकाशन, प्राप्त भएका आवेदन उपर छानविन तथा मुल्यांकन गरी योग्य उम्मेद्वारको छनौट गरी छात्रवृत्तिको लागि सम्बन्धित प्राविधिक शिक्षालयलाई सिफारिस गर्ने ।

(ख) छात्रवृत्ति वितरणका लागि आवश्यक बजेटको व्यवस्था गर्न कार्यपालिकालाई सिफारिस गर्ने ।

(ग) छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुलाई अध्ययन पुरा भए पश्चात गाउँपालिकाको कुनै वडा तोकी स्वयम् सेवाका लागि खटाउने तथा निजहरुको स्वयम् सेवाको अनुगमन तथा मुल्यांकन गर्ने ।

(घ) छात्रवृत्तिको सम्बन्धमा प्राविधिक शिक्षालयहरुसँग समन्वय गर्ने ।

१७. छात्रवृत्ति वितरण सम्बन्धी कुनै विवाद वा अन्य कुनै प्राविधिक समस्या उत्पन्न भएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

अनुसूची १

प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति आवेदन फारमको ढाँचा

| दुवै कान देखिने हाल सालै खिचेको पासपोर्ट साइजको रंगिन फोटो |
|---|

मितिः ...............................

श्रीमान् संयोजक ज्यू,

छात्रवृत्ति सञ्चालन तथा व्यवस्थापन समिति,

त्रिवेणी गाउँपालिका जुगार, रोल्पा ।

विषयः प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति उपलब्ध गराई पाउँ ।

प्रस्तुत विषयमा तहाँ गाउँपालिकाबाट मिति ......................... प्रकाशित प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति सम्बन्धी सूचना बमोजिम रोल्पा जिल्ला त्रिवेणी गाउँपालिकाको वडा नं. ...., ........... मा स्थायी निवासी ................................ को नाति/नातिनी ................................. तथा ................................. को छोरा/छोरी म निवेदक ............................ ले .................................... विद्यालयमा ............. विषय लिई तीन वर्षे डिप्लोमा तहको प्राविधिक शिक्षा अध्ययन गरिरहेको साथै आर्थिक रुपमा विपन्न, जेहेन्दार तथा बाल बिबाह नगरेको विद्यार्थी समेत भएकोले तहाँ गाउँपालिकाबाट उपलब्ध हुने प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति पाउँ भनि श्रीमान् समक्ष यो निवेदन पेश गर्दछु । सूचनामा माग भए बमोजिमका प्रमाणित गरी कागजातहरु यसै निवेदनसाथ संलग्न राखी पेश गरेको छु ।

निवेदक

नाम थरः .........................

दस्तखतः .........................

ठेगानाः ...........................

अनुसूची २

प्रतिवद्धता-पत्रको ढाँचा

| दुवै कान देखिने हाल सालै खिचेको पासपोर्ट साइजको रंगिन फोटो |
|---|

मितिः ..............................

प्रतिवद्धता-पत्र

रोल्पा जिल्ला त्रिवेणी गाउँपालिकाको वडा नं. ...., ........... मा स्थायी निवासी ................................ को नाति/नातिनी ................................. तथा ................................. को छोरा/छोरी म निवेदक ............................ ले ................................... विद्यालयमा ............. विषय लिई तीन वर्षे डिप्लोमा तहको प्राविधिक शिक्षा अध्ययन गरिरहेको साथै आर्थिक रुपमा विपन्न, जेहेन्दार तथा बाल बिबाह नगरेको विद्यार्थी समेत भएकोले तहाँ गाउँपालिकाबाट उपलब्ध हुने प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्न पाएको खण्डमा अध्ययन समाप्ति पश्चात गाउँपालिकाले तोकेको वडामा कम्तिमा ........... वर्ष सेवा गर्ने लिखित प्रतिवद्धता जाहेर गर्दछु ।

| प्रतिवद्धता जाहेर गर्नेको | प्रतिवद्धता जाहेर गर्नेको प्रमुख संरक्षकको |
|---|---|
| नाम थरः ....................................... | नाम थरः ....................................... |
| दस्तखतः ....................................... | दस्तखतः ....................................... |
| ठेगानाः ......................................... | ठेगानाः ......................................... |
| औठाछापः | औठाछापः |
| दायाँ बायाँ | दायाँ बायाँ |

आज्ञाले
निम बहादुर के. सी.
प्रमुख प्रशासकीय अधिकृत